# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) छत्रदेव गाउँपालिका, मितिः २०७६/०८/०३ (संख्या ८**


**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७६ सालको कार्यविधि नं. ८**

**कार्यविधिको नाम : मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम, कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति सञ्चालन कार्यविधि, २०७६**

**प्रस्तावनाः** आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका समुदाय, परिवार तथा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य रोजगारी, आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षण मार्फत जीवनस्तर सुधार गरी गाउँपालिकाको  गरिवी निवारण गर्ने उद्देश्यले ५ नं प्रदेश सरकारले अघि सारेको मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तर्गत यस अर्घाखाँची जिल्लाको छत्रदेव गाँउपालिकामा संचालित मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को

परिच्छेद ४ बुँदा ७ को ई (ख) (१) ले दिएको अधिकार प्रयोग गरी कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले यो कार्य विधी बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम, कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति सञ्चालन कार्यविधि, २०७६** रहेको छ।

ख) यो कार्यविधि तुरुन्तै लागु हुनेछ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ ले परिभाषित गरेका विषयवस्तु बाहेक यस कार्यविधिमा,

क) **"गाउँपालिका"** भन्नाले छत्रदेव गाउँपालिका, अर्घाखाँचीलाई सम्झनु पर्दछ।

ख) **"वडा"** भन्नाले गाउँपालिका अन्तर्गत रहेका वडाहरु सम्झनुपर्दछ।

ग) **"कार्यालय"** भन्नाले गाँउपालिका रहेको कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिको कार्यालय सम्झनु पर्दछ।

घ) **"मूल कार्यविधि"** भन्नाले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ सम्झनु पर्दछ।

ङ) **"समिति"** भन्नाले कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति सम्झनु पर्दछ ।

च) **"लक्षितवर्ग/समूह"** भन्नाले कार्यक्रम लागू भएका गाउँपालिका भित्र पर्ने आर्थिक, सामाजिक वा शैक्षिक रुपले पछि परेको बर्ग, समूह, समुदाय, परिवार तथा व्यक्तिलाई सम्झनु पर्दछ । सो शव्दले शारीरिक रुपमा अपाङ्गता भएका वा कुनै प्रकृतिको दैवी वा प्राकृतिक प्रकोपवाट पिडित समेतलाई सम्झनु पर्दछ ।

छ) **"सामाजिक संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका गैर नाफा मूलक समुदायमा आधारित संस्थालाई सम्झनु पर्दछ ।

ज) **"उपभोक्ता"** भन्नाले यस कार्यक्रम सञ्चालन गर्दा सो परियोजनाले लक्षित गरेको वस्तु वा सेवा उपभोग गर्ने व्यक्ति, समूह वा संस्थालाई सम्झनु पर्दछ ।

झ) **"आयोजना"** भन्नाले कार्यक्रमले अगाडि सारेका लक्षित वर्गका विचमा सञ्चालन हुने परियोजनालाई सम्झनु पर्दछ।

ङ) "**तथ्यांक"** भन्नाले कार्यक्रम सञ्चालनका सन्दर्भमा लिइएका प्राथमिक वा गाउँपालिका वा अन्य वैधानिक निकायले विभिन्न प्रयोजनका लागि संकलन गरेका प्राथमिक वा दोश्रो तहको प्रामाणिक तथ्यांकलाई सम्झिनु पर्दछ ।

## परिच्छेद-२

## कार्यक्रम स्वीकृत तथा अनुगमन मुल्याङ्कन

३) **कार्यक्रम स्वीकृतको सीमा निर्धारणः** समितिले सर्वप्रथम मूख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत कार्यक्रम सिफारिस तथा समन्वय समितिले वार्ड कार्यालयसंग समन्वय गरि त्यहाँबाट उपलब्ध तथ्याङ्क तथा सिफारिसको आधारमा छनोट भई आएका व्यक्ति/योजनाको लागि मुल कार्यविधिको दफा ६ को (अ) (आ) र (इ) मा उल्लेखित शीर्षक भित्र रहने गरी सीमा निर्धारण गर्नेछ ।

४) **कार्यक्रम/परियोजना सिफारिस**

**क)** कार्यक्रम सिफारिस गर्दा मूलत मूल कार्यविधिको दफा ६ अन्तर्गत उल्लेखित शिर्षकहरुको अधिनमा रही गरिने छ ।

**ख)** कार्यक्रम सिफारिस गर्दा आवश्यक परेमा समिति सदस्यहरुलाई विषय क्षेत्रको जिम्मा दिन सकिने छ ।

**ग)** सिफारिस भएका आयोजना/कार्यक्रमहरुको सूची सदस्य सचिव मार्फत समितिमा पेश गरिने छ । र छलफलबाट कार्यक्रमहरुको छनौट गरिने छ ।

**घ)** छनौट भएका आयोजना/कार्यक्रम समितिले स्विकृतिका लागी जिल्ला व्यवस्थापन तथा समन्वय समितिमा पेश गर्ने छ । जिल्ला व्यवस्थापन तथा समन्वय समितिबाट स्विकृति भएका कार्यक्रमहरु क्रमश कार्यक्रम सिफारिस तथा समन्वय समितिबाट लागु हुने छ । यसको प्रगति

प्रतिवेदन जिल्ला व्यवस्थापन समिति र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखि पठाउनु पर्नेछ।

५) **अनुगमन तथा मुल्याङ्कनः** कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिले लागु भएका कार्यक्रमहरुको आवश्यकता अनुसार अनुगमन तथा मुल्याङ्कन गरिनेछ।

## परिच्छेद-३

## बैठक संचालन तथा अन्य मापदण्ड

**६)** समितिको बैठक आवश्यकतानुसार बस्नु पर्नेछ ।

**७)** प्रति बैठक प्रति सदस्य रु. १०००।- बैठक भत्ता र यातायात वापत रु. ५०० उपलब्ध गराइने छ ।

**८)** अनुगमन मुल्याङ्कन कार्यमा फिल्डमा खटिए बापत समितिका सदस्यहरुलाई भ्रमण खर्च नियमावलीमा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा नेपाल सरकार अधिकृत स्तरको कर्मचारी सरहको सुविधा उपलब्ध हुनेछ ।

## परिच्छेद-५

## संसोधन तथा खारेजी

९) यस कार्यविधिलाई समितिले आवश्यकतानुसार संशोधन तथा खारेजी गर्न सक्नेछ । कार्यविधि कार्यान्वयनको लागि आवश्यक परेमा मापदण्ड बनाइ लागु गर्न सकिने छ ।

**प्रमाणिकरण मितिः २०७६/०८/०३**

आज्ञाले
**खिमानन्द भुसाल**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका